# मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प्रदेश नं. ३
मेलम्ची, सिन्धुपाल्चोक, नेपाल
स्थापना २०७३

मिति : २०७६/३/२७

पत्र संख्या :- क.प्र.०७५/७६
चलानी नं :- 3225

विषय : सामाजिक परिचालन तालिममा सहभागी छनौट गरी पठाईदिनुहुन ।

श्री वडा कार्यालयहरु (सवै)
मेलम्ची नगरपालिका ।

उपरोक्त सम्बन्धमा काठमाडौं तालिम केन्द्र कोटेश्वर, काठमाडौंको मिति २०७६।२।३० को पत्रको छायांप्रति थान - २ यसैसाथ संलग्न छ । व्यहोरा पत्रवाट नै अवगत गरी सूचना लाई त्यस वडा कार्यालयको सार्वजनिक सूचना पाटीमा टांस गर्ने व्यवस्था मिलाउनु हुन र त्यस वडा अन्तर्गतवाट सामाजिक परिचालन तालिममा सहभागी छनौट गरी पठाईदिनुहुन अनुरोध छ ।

(जीवनाथ भण्डारी)
अधिकृत छैठौं

फोन नं :०११-४०११४१, ०११-४०११४२ वेवसाईड : www.melamchimun.gov.np ई-मेल dms.melamchimun@gmail.com फ्याक्स :-०११-४०१०८९

दर्ता नं.: २५९१/२५०

# काठमाडौं तालिम केन्द्र

अमरावती मार्ग कोटेश्वर, काठमाडौं

# Kathmandu Training Center

Amarawati Marg, Koteshwor, Kathmandu

मिति: २०७६/०२/३०

**मेलम्ची नगरपालिका**
दर्ता नं.:- २२५८
मिति:- २०७६।३।२६

श्री मेयर ज्यू
......मेलम्ची........नगरपालिका
......सिन्धुपाल्चोक

विषय: <u>**सामाजिक परिचालन तालिममा सहभागी छनौट गरी पठाइदिनु हुन ।**</u>

महोदय,

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट सम्बन्धन प्राप्त यस काठमाण्डौ तालिम केन्द्रमा विगत १७ वर्षदेखि प्राविधिक एसएलसी (TSLC) १८ महिने **<u>सामाजिक परिचालन (Social Mobilization-SM) कोर्ष</u>** मा तालिम संचालन गरिरहेको कुरा अवगत गराउँदछौं । उक्त कोर्षमा अध्ययन गर्ने विशेष गरी दुर्गम तथा पिछडिएका जिल्लाहरुमा रहेका दलित, महिला, आदिवासी जनजाति, मधेशी तथा अन्य प्रशिक्षार्थीहरुका लागि **व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (EVENT)** को छात्रवृत्ति र **काठमाण्डौं तालिम केन्द्रको** समेत वर्गीकृत छात्रवृत्तिमा तालिम दिदै आएको व्यहोरा अवगत गराउँदछौं । यस कोर्षमा अध्ययन गर्ने प्रशिक्षार्थीहरुलाई १२ महिना तालिम पूरा गरेपछि नेपाल सरकारका स्थानीय निकायका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिका, गैह्र सरकारी संस्था, अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्था तथा निजी स्तरका संघ/ संस्थाहरुमा रोजगारीमा पठाउने काम यस केन्द्रले गर्दै आइरहेको कुरा समेत जानकारी गराउँदछौं । हालसम्म यस केन्द्रबाट तालिम प्राप्त ५७० जना सामाजिक परिचालकहरु विभिन्न संघ संस्थामा आबद्ध छन् ।

हाल नेपालमा संघीयतालाई संस्थागत गरी संघ, प्रदेश र स्थानीय निकायलाई प्रभावकारी कार्यान्वयन गर्न अति नै जरुरी छ । उक्त कार्यलाई आत्मसात गर्न यस तालिम केन्द्रले स्थानीय समुदायको सशक्तिकरण गराउन सक्दो सहयोग पुऱ्याउदै आएको र समुदायलाई सशक्त गर्ने काम अहिलेको मुख्य कार्य भएकोले उत्पादित सामाजिक परिचालकहरुबाट सकारात्मक तथा उल्लेखनीय भूमिका खेल्ने आशा राखेका छौं । त्यसैले उक्त **सामाजिक परिचालन (Social Mobilization - SM)** कोर्षमा यस वर्ष २०७६/०७७ को लागि भर्ना खुलेको व्यहोरा अवगत गराउँदछौं । तसर्थ यहाँहरुको नगरपालिका क्षेत्रमा S.E.E., S.L.C. वा I. A. वा (१०+२) पास गरेका इच्छुक जेहेन्दार विद्यार्थीहरुलाई प्रोत्साहित गरी फाराम भर्न यही २०७६ साल आषाढ मसान्तसम्म यस तालिम केन्द्रमा सम्पर्क गराई दिनुहुन अनुरोध गर्दछौं । विस्तृत जानकारीको लागि आवश्यक कागजात यसै पत्रसाथ संलग्न गरिएको छ ।

भवदीय,

राजबहादुर गिरी
कार्यकारी निर्देशक

*पुनश्चः यस पत्रको साथमा भएको पर्चाद्वारा यहाँको वडा कार्यालयहरुमा पनि जानकारी गराईदिनुहन हार्दिक अनुरोध गर्दछ ।*

# रोजगारमूलक तालिम लिन चाहनेहरूका लागि सुवर्ण अवसर !

**नेपाल सरकार CTEVT बाट सम्बन्धन प्राप्त**

**Social Mobilization (SM) Course**

# तालिममा भर्ना खुल्यो

*"सामुदायिक विकासका लागि सक्षम जनशक्ति*
*सामाजिक परिचालन तालिमले हुन्छ उन्मुक्ति"*

काठमाण्डौ तालिम केन्द्रले सामुदायिक विकास तथा सामाजिक परिचालन कार्यक्रममा संलग्न नेपाल सरकारका स्थानीय निकाय नगरपालिका, गाउँपालिका तथा अन्य संघ/संस्थामा आवश्यक पर्ने सामुदायिक विकास तथा सामाजिक परिचालन कार्यक्रम संचालन गर्न सक्षम जनशक्ति उत्पादन गर्दै आइरहेको छ । नेपाली युवाहरुलाई रोजगारयुक्त, सिपमूलक तालिम दिई आत्मनिर्भर बनाउने उद्देश्यले वि.सं २०५९ सालमा काठमाण्डौ तालिम केन्द्रको स्थापना भएको हो । सामाजिक परिचालनको माध्यमबाट गरिबी न्यूनिकरण तथा दिगो विकास लक्ष्य (Sustainable Development Goal –SDG) हाँसिल गर्ने नेपाल सरकारको प्राथमिकतामा आधारित कार्यक्रम र संघीय संरचनालाई सहयोग पुऱ्याउने कुरामा सम्बद्ध सबै पक्षहरु विश्वस्त छन् । तालिम पश्चात प्रशिक्षार्थीहरु नेपालका विभिन्न जिल्लाहरुमा नेपाल सरकारका स्थानीय निकाय तथा NGOs, INGOs, Micro Finance (लघुवित्त विकास बैंक) र अन्य सामाजिक संघ/संस्थाहरुमा कार्यरत छन् । हालसम्म यस केन्द्रबाट उत्पादित तालिम प्राप्त ५७० जना सामाजिक परिचालकहरु प्रत्यक्ष रोजगारमा संलग्न भएको व्यहोरा अवगत गराउँदछौँ । तसर्थ काठमाण्डौ तालिम केन्द्र शैक्षिक सत्र २०७६/०७७ सालमा संचालन हुने **सामाजिक परिचालन (Social Mobilization-SM)** कोर्षमा तालिम लिन इच्छुक योग्यता पुगेका व्यक्तिहरुलाई आवेदनको लागि आव्हान गर्दछ ।

तालिम अवधि :- १८ महिना (१२ महिना तालिम, ६ महिना OJT)
न्यूनतम योग्यता :- SEE /SLC पास अथवा +2
फाराम बुझाउने अन्तिम मिति :- २०७६ आषाढ मसान्त
प्रवेश परीक्षा मितिः पछि प्रकाशित हुनेछ ।
नि:शुल्क तयारी कक्षाको व्यवस्था छ ।
(फाराम Website बाट पनि Download गर्न सकिन्छ)

**पेश गर्नु पर्ने कागजातहरु**

**शैक्षिक योग्यता र नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि तथा पासपोर्ट साइजको फोटो ४ प्रति ।**

*सामुदायिक विकास कार्यमा रुचि राख्ने दुर्गम क्षेत्र तथा पिछडिएका वर्गका विशेष गरी महिला, दलित, जनजाति, मधेसी, गरीब तथा विपन्न युवाहरुलाई EVENT परियोजना र CTEVT को वर्गीकृत छात्रवृत्तिको व्यवस्था छ ।*

थप जानकारीको लागि:

**काठमाण्डौ तालिम केन्द्र**

अमरावती मार्ग, (बालकुमारी पुल नजिकै) कोटेश्वर, काठमाण्डौ, फोन: ०१-५१४७१९७, ९८५१०८६७५४, ९८४१४३४१३३ पो.व.नं. २४५०७
ईमेल : kathmandutrainingcenter@gmail.com / Website: www.kathmandutrainingcenter.org